गोडैता नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

# नीति तथा कार्यक्रम

आ.व.२०७८/०७९

**गोडैता, सर्लाही**

**प्रदेश नं.२, नेपाल**

मितिः२०७८/०३/१०

- नगर उप-प्रमुख ज्यू आदरणीय अतिथिज्युहरु, कार्यपालिकातथानगरसभा सदस्यहरु,प्रमुखप्रशासकीयअधिकृत तथाअधिकृतहरु, जिल्लास्थित कार्यालय प्रमुखहरु,पत्रकार, सल्लाहकार,विभिन्न संघ संस्थाप्रमुखतथाप्रतिनिधिहरु,संचारकर्मीहरु,कर्मचारीहरु,सूरक्षानिकायकासुरक्षाकर्मी,उपस्थिति सम्पूर्ण महानुभावहरु लगायतF.M बाट प्रसारित सुन्नु भइरहेका सम्पूर्ण नगरबासिज्युहरु

**सम्मानित सभाका सदस्यहरु**

यस गोडैतानगरपालिकाको पाँचौ नगर सभाको अवसरमा यस नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीतितथाकार्यक्रमगरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वितभएको छु । नेपालीजनताको अथकप्रयास,चाहना,विभिन्न कालखण्ड र समय समयमालोकतन्त्र, प्रजातन्त्र, गणतन्त्र र संघीयताको लागी २००७ सालको क्रान्ति, २०४६ सालको जन आन्दोलन, २०६२/६३ को जन आन्दोलन, मधेश, थरुवटआन्दोलन लगायत जन स्तरवाट भए गरेका जन संघर्षमा आफ्नो अमुल्यजीवनउत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु । साथै विभिन्नआन्दोलणका घाइते तथा वेपता योद्धाहरु प्रतिउच्च सम्मान प्रकट गर्दछु ।

वर्तमानविश्वमहामारीको रुपमा फैलिएको कोरोना भाइरस को दाश्रो लहर नेपाल अछुतो रहेनजसको कारण मानवजातीमाशताव्दीकै सबैभन्दा ठूलो संकट पैदा गरियो । कोरोना भाइरसको संक्रमण तथा नियन्त्रण गर्न गोडैतानगरपालिका प्रतिबद्ध छ । सरकारी आकडा अनुसार कोभिडको संक्रमणबाट यस न.पा.मा कसैले ज्यानगुमाउनु परेको अवस्थानदेखिएपनिहामिले कोभिड उपचारको लागी डा.सहतिको प्राथमिकउपचारको व्यवस्थागर्दा पनिहाम्रा केहीआफन्तलाई बचाउननसक्दादु:खलागेको छ । यस महामारीवाट संक्रमितभई देश विदेशमाज्यानगुमाउनु भएकानेपालीहरु प्रतिश्रद्धाञ्जलीप्रकट गर्दछु । साथै शोकाकुल परिवारजन प्रतिहार्दिक समवेदनाव्यक्तगर्दछु । साथै यस महामारीको चपेटामा परी उपचारत सम्पूर्ण व्यक्तिहरुको शिघ्र स्वास्थ्यलाभको लागिभगवानपशुपतिनाथ सँग कामनागर्दछु ।

जोखिमपूर्ण परिस्थतीमाअग्रपन्तीमा रहेर सेवा गर्ने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाई कर्मी, एम्बुलेन्स चालक, पत्रकार, कर्मचारी, जन प्रतिनिधिहरुलगायत सम्पूर्ण राष्ट्र सेवकको उच्चप्रशंसा गर्दछु साथै सबैमा हार्दिक धन्यावाददिन चाहन्छु । कोरोना भाइरसको कारण यस गोडैता न.पा.प्रत्यक्ष र अप्रत्यक्ष रुपपाप्रभावितनभएको होइन तर कोभिड बिरुदको लडाईमा संक्रमण रोकथाम र नियन्त्रणका लागिनेपाल सरकारले चालेको कदममा पूर्ण साथदई सहयोग गर्नु भएकोमा सम्पूर्ण गोडैतागर बासीमाहार्दिक आभार प्रकट गर्दछु ।

महामारी रोकथाम र नियन्त्रणका लागिगोडैतानगरपालिकाको कोरोना रोकथाम र नियन्त्रणमा सहयोग गर्ने Save the ChildrenरRRPKलगायतअन्य संघ संस्थाहरु सबैलाई धन्यावाददिन चाहन्छु ।

**सम्मानित सभाका सदस्यज्यूहरु**

गोडैतानगरपालिकालोकतन्त्रकाआधारभुतमुल्यमान्यता, मानवअधिकार, र समन्वय सिद्धान्तलाई आत्मसातगर्दै विधिको शासनप्रति पूर्ण प्रतिबद्ध छ । शासकीयव्यवस्थामाआएको परिवर्तनको अनुभुती सबै गोडैतानगरबासीले गर्न सकुनभन्ने हामीहरु अत्यन्त सचेत छौ ।

**सम्मानित सभाका सदस्यज्युहरु**

गोडैतानगरपालिका**"कृषि,स्वास्थ्य,शिक्षातथा रोजगार गोडैतानगरपालिकाको समृद्धिको आधार"**भन्ने दुर दृष्टिका साथविभिन्नपूर्वाधार विकास शिक्षा, स्वास्थ्य,खानेपानीलगायत समाजिकविकास र कृषिपशु सेवालगायतआर्थिक विकासका क्षेत्रमा केहीआधारभुतपूर्वाधारहरु तयार गरेका छौं। यस संक्रमणकालिन अवस्थामापनिकर्मचारी तथाजनप्रतिनिधिलगायतनगरबासीको साथ र सहयोगले संक्रमणकाललाई सामनागर्दै गोडैतानगरपालिकालाई एउटा नमूनानगरपालिकाबनाउनअघि बढीरहेका छौ। विगतकाआर्थिक वर्षको पूर्वाधार विकासको कार्यक्रमलाई परिष्कृत गर्द्रै यस आर्थिक वर्षमा विगतकाआर्थिक वर्षको अभ्यास र उपलबधिमध्यनजर गर्दै विकास पूर्वाधारको निरन्तरतादिदै गोडैतानगरपालिकाको नीति,योजनातथाकार्याक्रमहरु पहिचान गर्ने, नीतिगत निर्णय गर्ने,कानूनीप्रबन्ध गर्ने तथाकार्यान्वयनलाई प्रभावकारी रुपमाकार्यसम्पादन गर्ने कार्यहरु,नगरसभा,नगरकार्यपालिका,प्रमुख,उप-प्रमुख,प्रमुखप्रशासकीयअधिकृत,विषयत समितिहरु, वडा अध्यक्षहरु,नगरकार्यपालिकाका सदस्यहरु,वडा सदस्य,सल्लाकार र कर्मचारी संयन्त्रबाट कार्य भई आएको व्यहोरा अवगत नै छ । नगरद्धारा सम्पादितकार्यहरुमा स्थानीय राजनीतिकदल,स्वयंसेवी, नागरिक समाज र आम संचारको भुमिकाअझ महत्वपूर्ण रहेको छ ।यी सवै पक्षलाई ध्यानदिई नेपालको संविधान,स्थानीय सरकार संचालन ऐन,२०७४विभिन्नविषयगतकानूनहरु,निर्देशिका,कार्यविधि,गतआ.व.को नीतितथाकार्यक्रम र सोको कार्यान्वयनको अवस्था,गतआ.व.को म.ले.पा.प्रतिवेदन,नेपाल सरकार तथाप्रदेश नं.२ सरकारको नीतितथाकार्यक्रम, दिगो विकासको लक्ष्यतथाआमनागरिक बाट प्राप्त सल्लाह र सुझाव समेत आत्मसात गरी आ.व.२०७८/०७९ को नीतितथाकार्यक्रमतर्जुमा गरिएको छ ।

गोडैतानगरबासीको जीवन पद्धतिमा सकारात्मक र अर्थपूर्ण परिवर्तन आउन सक्ने योजनातथाकार्यक्रमलाई विशेष महत्वको योजनामानिने छ ।

**सम्मानित सभाका सदस्यज्युहरु तथाउपस्थित सम्पूर्ण महानुभावहरु**

अव म आर्थिक वर्ष २०७८/०७९ नीतितथाकार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- **कोभिड -१९ र कोभिड -१९ को दोस्रो लहर बाट सिर्जित सकंट व्यवस्थापन सम्बन्धी :**

यस गेडैतानगरपालिकागोडैतानगरबासीको ज्यु ज्यानको सूरक्षाको विशेष ध्यानदिदै कोभिड-१९ को संकमण बाट कसैलै अल्पआयुमा नै ज्यानगुमाउनु नपरोस भन्ने उद्देश्यको लागी कोभिड-१९ को संक्रमण व्यवस्थापनको लागीनियमितPCRस्वाब संकलन ,औषधिउपचार, निःशुल्कऔषधिउपचार,आईसोलेसनर

थपऔषधिउपाचारको लागीबाहिर पठाउदा निःशुल्कAmbulance सेवा, गरिदै आएको कुरा अवगत नै छ । साथै COVID-19को दोस्रो लहरको संक्रमण नियन्त्रत्रणको लागी वडा ११ सिसौटियामा डाक्टर सहितको ५ सैयाको अस्थायी कोडिभ अस्पताल २० सैयाको अक्सिजन सहितको Isolationबेड संचालनमा रहेको छ । साथै भविष्यमा देखा पर्न सक्ने कोभिडको संक्रमण रोकथामतथा नियन्त्रणको लागीगोडैतानगरपालिकाथपपूर्वाधार विकास तथाजनशक्ति परिचालन गरिनेछ ।जसको लागि रु.२० लाखविनियोजन गरिनेछ ।

## स्वास्थ्य क्षेत्र

- महामारी तथा रोग नियन्त्रण कार्यक्रमअन्तर्गत यस गोडैता न.पा.भित्र क्षेत्र छनोट गरिबिषादी छर्कने छ । किटजन्य रोग नियन्त्रण कार्यक्रमको अनुगमनएवम् मूल्याकंनतथा किटजन्य रोग नियन्त्रणका लागीबहुनिकायअन्तरकियाकार्यक्रम संचालन गरिनेछ ।
- क्षयारोगका जोखिम समुहतथा स्वास्थ्य सेवाको पँहुचकमभएका समुदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम संचालन गरिनेछ ।
- कोभिड-१९ लगायतविभिन्नमहामारीजन्य रोगहरुको रोकथाप, नियन्त्रण तथानिगरानीकालागी सरोकारवाला सँगको अन्तरक्रियातथाRT-PCR, स्वास्थ्यकर्मी परिचालन गरिनेछ ।
- पशुपंछी आदीबाट हुने इन्फुएन्जा, बर्ड फ्लु,आदीविभिन्न सरुवारोग सम्बन्धी रोकथामतथा नियन्त्रणका लागी सचेतनाकार्यक्रम संचालन गरिनोछ ।
- यस गोडैता न.पा. यस आ.व. देखी टाईफाइड रोग नियन्त्रण गर्न खोप कार्यक्रम संचालन गरिनेछ । साथै नियमितखोपमा टाईफाइड खोप सरुवात गरिने नीति समेत लागु गरेको छु
- पोषण सुधारको लागीविद्‍यालयमाखानेपानी योजनानिर्माण वा मर्मत सम्भार गरिनेछ ।
- मातृ तथानवशिशु कार्यक्रमअन्तर्गतआमा सूरक्षा, गर्भवतीउत्प्रेरणासेवा, न्याने झोलाविवतरण, र निःशुल्कगर्भपतनकार्यक्रम संचालन गरिनेछ ।
- ५ वर्ष मुनीकाबालबालिकाहरु,किशोरी तथागर्भवतीहरुमापोषणको अवस्थाको व्यापक स्कीनिङ्ग गरी कुपोषण रहित न.पा.को घोषणा गरिने कार्याक्रम जोडदार रुपमा अगाडी बढाईनेछ ।
- पूर्णखोप नगरपालिका घोषणा कार्यक्रमलाई निरन्तरतादिईनेछ ।
- पोषणको अवस्था सुधार गर्न गर्भवतीहरुलाई निःशुल्कचनातथा सुत्केरीहरुलाई घ्यु वितरण कार्यलाई निरन्तरतादिईनेछ ।
- गतआ.व.मा स्वास्थ्य संस्थाहरुलाईDigitationगर्न ५ वटा स्वा.चौकीहश्रमा WiFi सहित कम्प्युटरको व्यवस्था गरिएकोमा आ.व.२०७८/७९ देखीथप७ वटा स्वा. चौकीहरुलाई Digitation गरि प्रभावकारी स्वास्थ्य सेवाप्रवाह गरिनेछ

- प्रदेश नं.२ मा नै गोडैतानगरपालिकापहिलो स्वास्थ्यनीतिबनाई स्वास्थ्यनगरको परिकल्पना गरेको बहुदेशिय स्वास्थ्यनीतिलाई प्रभावकारी रुपमाकार्यान्वयनमाल्याई गोडैतानगरपालिकालाई स्वास्थ्यनगरको घोषणा गरिनेछ ।
- मातृमृत्युदरलाई शुन्यमाझार्ने विभिन्नकार्यक्रमहरु संचालन गरिनेछ ।
- यसै आ.व.मा नगरपालिकाले Ambulance खरिद गरी संचालनल्याउने छ । (जसको लागि रु.१५ लाखविनियोजन गरिनेछ )

## कृषितथापशु क्षेत्र

- गोडैतानगरपालिकाको आर्थिक विकासको मुख्य मेरुदण्डको रुपमा रहेका कृषि क्षेत्रविकासमाविशेष ध्यानदिइने छ ।
- व्यवसायिकतथाआत्मानिर्भर खेतीको लागी कृषकहरुलाई विभिन्न सहुलियत र संरक्षणप्रदान गरिनेछ ।
- स्थानीयउत्पादन प्रवद्धनको लागी यसगोडैतानगरपालिकाभित्रसिचाई सुविधानपुगेका क्षेत्रमासिचाई सुविधाको लागीविशेष पहल गरिनेछ ।
- यस न.पा. को मुख्य खाद्यबालीको रुपमा रहेका धानबालीको व्यवसायिकउत्पादनको लागी**धानबालीको सानाव्ययसायिक कृषिउत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमसंचालन गर्न रु.१२ लाखविनियोजन गरिनेछ ।**
- धानउत्पादन प्रवर्द्धन गर्न **धानउत्पादन प्रवर्द्धनकार्यक्रम(बालीविकास कार्यक्रम)** संचालन गर्न रु.३० लाखविनियोजन गरिनेछ ।
- निवार्हमुखी खेती र आकाशे पानीमानिर्भर खेतीलाई विस्थापित गर्न कृषि पेशलाई सम्मानितबनाउन वडा नं.३ र वडा नं.९ मा डीप बोडीङ्ग जडान कार्यक्रम संचालन गरिनेछ ।
- आ.व.२०७७/७८ मा स्थापनाभएको **बाखाको सानाव्यवसायिक कृषिउत्पादन(पकेट) विकास कार्यक्रमलाई** निरन्तरतादिन रु.७लाखविनियोजनगरिनेछ ।
- पशुपन्छीहरुलाई संरक्षण तथाप्रवर्द्धन गर्न कृत्रिमगर्भाधानमिसनकार्यक्रम संचालान गरिनेछ ।
- कृषि,पशुपन्छी तथामत्स्यतथ्यांकअध्यावधिककार्यक्रम संचालन गरिनेछ ।
- आ.व.२०७७/७८ मा स्थापनाभएका कृषितर्फका सानाव्यवसायिक कृषिउत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमलाई यस आ.व.मा पनि निरन्तरतादिइनेछ ।
- गँहु उत्पादनलाई प्रवर्द्धन गर्न किसानहरुलाई ५०% अनुदानमादिदै आएको अनुदानमाआधारित गँहु बीउवितरण कार्यक्रमलाई यस आ.व.मा पनि निरन्तरतादिन रु.४५ लाखविनियोजन गरिनेछ ।
- कृषितथा पशुपन्छीजन्य उत्पादनमाव्यवसायिकरण,बजारीकरण गर्दै खाद्य सुरक्षाको स्थिती मजबुतबनाई कृषितथा पशुपन्छकिो क्षेत्रमाथप रोजगरी सिर्जना गर्न जोड दिइनेछ ।

## शिक्षा क्षेत्र

- कोभिड-१९का कारण उत्पन्न परिस्थितीमासिकाई सहजिकरणको लागी शैक्षिककार्यक्रम संचालनगर्न रु.४ लाख ६६ हजार विनियोजन गरिनेछ ।
- केन्द्र बाट छनोट भएकानमूनाविद्यालय ,विशेष विद्यलयको क्रमागतभवननिर्माण तथाकक्षा ११ स्तरोन्तीभएकाप्राविधिकधार विद्यालयको ल्याबव्यवस्थापन गरिनेछ ।
- आधारभुततहकक्षा ६-८ र माध्यमिकतह ९-१० मा अंग्रेजी ,गणित र विज्ञान विषयमा शिक्षण सहयोग मार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ ।
- शैक्षिकपँहुच सुनिश्चितता,अनौपचारिक तथा वैकल्पिकशिक्षाकार्यक्रमको व्यवस्था गरिनेछ ।
- स्वास्थ्यको लागी खेलकुद र राष्ट्रको लागी खेलकुदतथा खेलकुदमार्फंत विद्यार्थीहरुको चौतर्फि विकासको लागिराष्ट्रपति खेलकुदमार्फत विभिन्न खेलहरु आयोजना गरिनेछ ।
- सामुदायिकविद्यालका छात्राहरुको लागीनिःशुल्क स्यानिटरी प्याड व्यवस्थापन गरिनेछ ।
- गोडैतानगरपालिकाभित्रका सम्पूर्ण सामुदायिकविद्यालयहरुमाशिक्षकविद्यार्थी उपस्थिती,सिकाई उपल्वधि,बालमैत्रीविद्यालय,निरन्तर विद्यार्थी मूल्यांकन, विद्यालय सुधार योजनानिर्माण तथाकार्यान्वयवन र वातावरणमैत्रीविद्यालयआदी सूचकका‌आधारमा शैक्षिक गुणस्तर एवम् कार्यसम्पादनमाआधारित प्रोत्साहनकार्यक्रमको व्यवस्था गरिनेछ ।
- विद्यार्थी टिकाउदर बढाउन विद्यालय स्तरमा तोकिएको विद्यार्थीहरको लागीदिवाखाजालाई निरन्तरतादिइनेछ ।
- शैक्षिक सुधारको निम्ति शैक्षिकगोष्टि संचालन गरिनेछ ।
- शिक्षकहरुको पेशागतविकासको लागी शैक्षिक सामाग्रीशिक्षक निरर्देशिकातथाअन्यआवश्यक सामाग्रीउपल्ब्ध गराईनेछ ।
- विद्यार्थीहरुको भाषिकतथातार्किक क्षमता बढाउनको लागीआधारभुततथामाध्यमिक स्तरिय वादविवादप्रतियोगिताकार्यक्रम गराईनेछ ।
- आधारभुततथामाध्यमिकविद्यार्थीलाई सामान्यज्ञान पुस्तकवितरण गरिनेछ ।
  सार्वजनिकविद्यालयहरुमाअध्ययनरत विद्यार्थीहरुकालागि छात्रवृतीप्रदान गरिनेछ ।

## लैंगिक समानतातथा समाजिक समावेशिकरण

- यस नगरपालिकाभित्र सबैभन्दा बढी दलित परिवार बस्ने वडा नं.३ मा तराई मधेश समृद्धि कार्यक्रमअन्तर्गत गरीबहरुको लागि सामुदायिकभवननिर्माण गरिनेछ । जसको लागि रु.६०लाखविनियोजन गरिनेछ ।
- गोडैतानगरपालिकाको वार्ड नं.३ र ९ मा तराई मधेश समृद्धि कार्यक्रमअन्तर्गत डीप बोडिङ्ग जडान गरिनेछ । जसको लागि रु.५० लाखविनियोजन गरिनेछ ।
- महिला,बालबाललिका,अपाङ्गताभएकाव्यक्ति, ज्येष्ठ नागरिक र यौनिकतथा लैंगिकअल्पसंख्यकहरुकातथ्याङक संकलनर अद्यावधिक गरिनेछ ।

- गोडैतानगरपालिका वडा नं.३ मा तराई मधेस समृद्धि कार्यक्रमअन्तर्गत रामजानकी मठ नजिक सामुदायिकभवननिर्माण गरिनेछ।
- लैंगिकतामाआधारित हिंसालाई शुन्यमाभ्रुार्न समुदायस्तरमा जनचेतनाअभिवृद्धि र कानुनीप्रावधानकाबारेमा जनचेतनामुलककार्यक्रम संचालन गरिनेछ ।
- गोडैतानगरपालिका वार्ड नं.३ मा तराई मधेश समृद्धि कार्यक्रमअन्तर्गत अमिरी रायको खेत बोडिङ्ग देखि शिवजी बैठाको खेत सम्म सडक ढलान गर्न रु.५० लाखविनियोजन गरिनेछ ।

## उद्योगतथा रोजगारी तर्फ

- गरिबीनिवारणका लागी लघु उद्यमविकास कार्यक्रम संचालननिर्देशिका,२०७७बमोजिमउद्यमीको स्तरउन्नती(आवश्यकतातथापहिचानकाआधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिमकार्यक्रम संचालन गरिनेछ ।
- गरिबीनिवारणका लागी लघु उद्यमविकास कार्यक्रम संचालननिर्देशिका,२०७७बमोजिम लघु उद्यमविकास मोडेलमानँया लघु उद्यमीसिर्जना गरिनेछ ।
- लघु उद्यमविकास कार्यक्रमअन्तर्गत सम्भाव्यउत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागीकम्तिमा ५ जनाको समुहमाप्रविधि हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।
- संविधानतथा स्थानीय सरकार संचालन ऐनले दिएको अधिकारको अधिनमा रहीसबै प्रकारका उद्योगहरुको व्यवस्थापनको लागिएकीकृत नीतितर्जुमा गरी व्यवस्थित गरिनेछ ।

## भौतिकपूर्वाधार विकास

- नगर भित्रका सम्पूर्ण सडकहरुलाई क्रमागत रुपमाRCCतथाकालोपत्रे गरिनेछ ।
- नगर भित्रकापानी टयांकीहरु हाल अवरुद्ध रहेकोले त्यस्तापानी टयांकीहरुलाई पुनः संचालनमाल्याइनेछ ।

## भवन,आवास तथा सहरी विकास तर्फ

- आवास व्यवस्थाकार्यक्रमअन्तर्गत आ.व.२०७८/७९ मा गोडैतानगरपाकलिकासुरक्षितनागरिक आवास कार्यान्वयनकार्यविधिबनाई लक्षितवर्गको लागीकार्यक्रम संचालन गरिनेछ ।।
- भवननिर्माण मापदण्डबनाई कडाईका साथकार्यान्वयनमाल्याइनेछ ।

## साहित्य,कला र साँस्कृति र पर्यटन

- मौलिकसिर्जनाका माध्यमद्धारा समाजकाउपयोगी कृतिहरुको संरक्षण,विद्धानहरुको सम्मन र साहित्यिकगतिविधिहरुको प्रवर्द्धन गरिनेछ ।
- बजिक्काभाषाको संरक्षण,प्रवर्द्धन र उत्थानको लागीकवि सम्मेलन तथानगरपालिकाभित्रकाबालबालिकाहरुको लागीबजिक्काभाषाको किताब छपाइ बितरण गरिनेछ ।

- समाजमाविद्यमान छाडा संस्कृतिनिरुत्साहितगर्दै मौलिक,हितकारी, सांसकृतिमुल्यमान्यताको विकासकालागीनगरपालिकाको तर्फबाट विषेश पहल गरिनेछ ।
- नगरपालिकाभित्र रहेका ऐतिहासिक पुरातात्विकमहत्वका सम्पदाहरुको अभिलेखिकरण,प्रवर्द्धनकालागीआवश्यक रणनीति तय गरिनुका साथै त्यस्ता सम्पदाहरुको संरक्षण र विकासको लागीआवश्यककदमचालिनेछ ।
- यस न.पा. भित्र संचालनहुने विभिन्न,सांस्कृतिक खेलकुद, मेलालाई पर्यटन प्रवर्द्धन गर्न मेलालाई महोत्सवको रुपमाआयोजना संचालन गर्न

## सहकारी क्षेत्र

- सहकारी संस्थाहरुको सुदृढीकरण,विकास र प्रवर्द्धनको लागिनियमितअनुगमन,नियमन र निरीक्षणको व्यवस्थामिलाइनेछ ।
- सहकारी मार्फत कृषि क्षेत्र सम्बन्धितउत्पादन, प्रशोधनतथाबजारीकरणको विकास तथा प्रवर्द्धनको लागिपहल गरिनेछ ।
- वित्तिय सेवातथाप्राविधिको पहुच्चविस्तार गर्न सहकारी शिक्षातथाशीपमुलककार्यक्रम संचालन गरिनेछ ।
- गोडैतानगरपालिकाभित्रका सहकारी संस्थाहरुले आफ्नो कार्यक्षेत्र नभएका वडाहरुमा पनिआफ्नो उत्पादनको बजारीकरणका लागीबिकी डिपो राख्न सक्ने व्यवस्था गरिनेछ ।

## वातावरण तथाविपदव्यवस्थापन

- विपदव्यवस्थापनको लागिविपदव्यवस्थापन कोषमा रकम बृद्धि गरिनेछ ।
- विपदप्रतिकार्ययोजना निमार्ण गर्ने तथाविपदव्यवस्थापन कोष संचालनकार्यविधिबनाई विपदमा परेको नागरिहरुलाई क्षतिपुर्तीको आधारमा वर्गीकरण गरी सहयोग उपलब्ध गराइनेछ ।
- विपद परेको समयमा नेपालप्रहरी, सशस्त्रप्रहरी बलतथागोडैतानगरपालिकाको स्वास्थ्यकर्मचारी लगायतअन्यव्यक्तिहरुको सहकार्य तथा समन्वयमा स्पेशल टास्क फोर्स गठन गरी तत्कालकार्यान्वयनमाल्याईनेछ ।
- यस नगरपालिकाभित्र वृक्षरोपन कार्यलाई विशेष प्राथमिकतादिइनेछ ।
- प्लाष्टिकको झोलातथा प्लाष्टिकजन्य वस्तुहरुको उपभोगमान्यूनीकरण गर्ने नीतिबनाई कार्यान्वयनमाल्याइनेछ साथै प्लाष्टिक झोलामुक्तनगरपालिका घोषणाको विशेष पहल गरिनेछ ।
- नगरपालिकाको सुन्दरता र वातारणीय स्वच्छताको लागिफोहोरमैलाव्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।

## सामाजिकविकास

- अतिविपन्न, अनाथएवम् असहायमहिला, बालबालिका गरिब तथाबालबालिकामाआपतविपत परेका र अन्यविभिन्न कारणले आफ्नो भाग्यलाई दोष दिई आत्मगलानीमाबाच्नबाध्यनागरिकको जीवन रक्षाको लागितत्कालऔषधीउपचार, राहतवा उद्धारका लागि राहतकार्यविधीबनाई कार्यान्वयनमाल्याइने छन् ।
- सामाजिक क्षेत्रकाकार्यक्रम संचालनगर्दा स्थानीय सरकारी तथा गैर सरकारी संघ संस्थाहरु सँग साझेदारी र सहकार्य गरिनेछ ।
- जेष्ठ नागरिक तथाअन्यलक्षितवर्गका लागिविभिन्नकार्यक्रमतथा स्वास्थ्य सुविधाको लागिनिःशुल्क स्वास्थ्यशिविर संचालन गरिनेछ ।
- जेष्ठ नागरिक, दलित जेष्ठ नागरिक, एकलमहिला, अशक्तअपाङ्ग, पूर्ण अपाङ्गतथाबालबालिकालाई नेपाल सरकारले दिदै आएको समाजिक सुरक्षा सम्बन्धी सुविधालाई दुरुपयोग हुननदिनएवम् वास्तविकलक्षितवर्गहरुको हातमा नै सुविधा पुऱ्याउन हेतुलेसबै किसिमको सामाजिक सुरक्षाभत्तावितरण बैंकिङ प्रणालीवाट वितरण गरिनेछ ।
- सामाजिक सुरक्षाभत्तावितरणमा सहजताल्याउनआवश्यकताअनुसार अन्य बैंक सँग सम्झौता गरी भत्तावितरण कार्यलाईप्रभावकारी बनाइनेछ ।
- अपाङ्ग परिचय-पत्रवितरण कार्यलाई सहज सुलभ बनाइनेछ र जेष्ठ नागरिक परित्रयपत्रवितरणलाई सम्बन्धित वडावाट वितरण गर्ने व्यवस्था गरिनेछ ।
- नगर भित्रहुने विभिन्न अपराधिकगतिविधी जस्तै चोरी डकैतीलागु औषध, दुरव्यसानी लैङ्गिकतथा घरेलु हिंसालाई रोक्न नेपालप्रहरी न्यायिक समितिलगायतअन्य साझेदार निकाय सँग समन्वय गरी आवश्यककदमचालिनेछ ।

## उपभोक्ताहित संरक्षण

- बजार अनुगमन समितिमार्फत गोडैतानगरपालिकाभित्र संचालनभएको होटेल, खाद्य सामाग्रीपसललगायतजनताले उपभोग गर्ने अन्यखाद्य सामाग्रीको विक्रिवितरणमा कडाईको साथअनुगमन गरी उपभोक्ताको हित प्रवर्द्धन गरिनेछ ।
- खाद्यवस्तु तथा सेवाको मुल्य सूची सबै उपभोक्ताले देखिने गरी उपयुक्तस्थानमा राख्ने व्यवस्थाल्याइनेछ ।

## राजश्व क्षेत्र

- नगरपालिकाको आन्तरिक श्रोत व्यवस्थापनतथा राजश्व परिचालनकालागी राजश्वप्रशासनमा सुधार गरिनेछ। राजश्वप्रशासनलाई चुस्त,सरल,प्रविधमैत्रीएवम् करदारता मैत्रीबनाईनेछ ।कर चुहावटका क्षेत्रको पहिचानगर्दै करको दायरा विस्तार गरी राजश्व संकलनमा वृद्धि गरिनेछ । साथै कर संकलनमाप्रोत्साहनको व्यवस्था गरिनेछ ।

- राजश्वप्रशासनमाआधुनिकप्रविधिको प्रयोग गरिनेछ । कर सुचना प्रणालीमार्फत राजश्व सम्बन्धीतथ्यांकअद्यावधिक गरिनेछ ।

## खेलकुद क्षेत्र

- खेलकुद क्षेत्रको विकासको लागीकोविगतदेखी नै संचालनमा रहेको मेयर क्रिकेट कपलाई यस आर्थिक वर्ष २०७८/७९मा निरन्तरता दिइनेछ ।
- गोडैतानगरपालिकाभित्रकाविद्‌यालयहरुमा स्वास्थ्यकालागी खेलकुद,मर्यादित र अनुशासित समाजकालागी खेलकुद नाराको सार्थकताको लागीप्रत्येक विद्‌यालयहरुमानियमित खेलकुद संचालन गर्न नगरपालिकाको शिक्षाशाखामार्फत आवश्यकअनुगमन र पहल गरिनेछ ।

## सुशासनतथा संस्थागतविकास

- नगरपालिकावाट प्रवाहहुने सेवाप्रवाहलाई चुस्त दुरुस्त र नतिजाउन्नमुखबनाउन साथै नगरपालिकामा सुशासन प्रवर्द्धन गर्नका लागिगोडैतानगरपालिकामाकार्यरत कर्मचारीहरुकालागि समय सपेक्ष तालिमतथाक्षमताविकासमा जोड दिइनेछ ।
- सार्वजनिक सुनवाई सामाजिक परिक्षण तथा सार्वजनिक लेखा परिक्षण कार्यलाई निरन्तरतादिइनेछ ।
- नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवा सुचनाप्रविधिमैत्रीमाआधारित बनाईनेछ ।
- सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी,छिटो र छरितो बनाउनुको साथै सेवाप्रवाहमाहुने अनियमिता, भष्ट्राचार ,भोलीबाद, प्रकृयामूखी झण्झट जस्ता समस्या समाधान गर्न नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमाअनिवार्य रुपमानागरिक वडापत्र कडाई साथलागु गरि कार्यान्वयनमाल्याइनेछ ।
- गोडैता नगरपालिकाको कार्य सञ्चाkलनलाई प्रभावकारी बनाउन , उपलव्ध स्रोत साधनको परिचालन एवं प्रयोगमा पारदर्शिता, मितव्ययिता र प्रभावकारिता ल्याई आर्थिक सुशासन कायम गर्न तथा उत्पादनमुलक तथा प्रतिफल युक्त क्षेत्रमा लगानी अभिवृद्धि गर्नगोडैता नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ बनाई कार्यान्वयनमा ल्याइनेछ ।

**सम्मानित सभाका सदस्यज्यूहरु**

अव म आ.व.२०७८/०७९ को अनुमानितआयव्ययविवरण प्रस्तुत गर्न गइरहेछु ।

## आ.व.२०७८/०७९ आयअनुमान

| | | | |
|---|---|---|---|
| **संघिय सरकारको अनुदान** | बितिय समाकिरण | 140200000 | १४ करोड २ लाख । |
| | सर्शत अनुदानपुजिगत | 39500000 | ३ करोड ९५ लाख । |
| | सर्शत अनुदानचालु | 221200000 | २२ करोड १२ लाख । |
| | सम्पुरक अनुदानपुजिगत | 6400000 | ६४ लाख । |
| | **जम्माअनुदान** | **407300000** | **कुलाजम्मा ४० करोड ७३ लाख ।** |
| **प्रदेश सरकारको अनुदान** | बितिय समाकिरण | 9674000 | ९६ लाख७४ हजार । |
| | सर्शत अनुदानपुजिगत | 8000000 | ८० लाख । |
| | बिशेष अनुदानपुजिगत | 3000000 | ३० लाख । |
| | समपुरक अनुदानपुजिगत | 2000000 | २० लाख । |
| | **जम्माअनुदान** | **22674000** | **कुलजम्मा २ करोड २६ लाख७४ हजार ।** |
| **आन्तरिक आम्दानी** | | | |
| **राजश्व बाडफाड** | संघिय | 90184000 | ९ करोड १ लाख ८४ हजार । |
| | प्रदेश | 4500000 | ४५ लाख । |
| | आन्तरिक आय | 8500000 | ८५ लाख । |
| | जम्माअनुदान | 103184000 | **कुलजम्मा १० करोड ३१ लाख ८४ हजार ।** |
| | | | |
| यसरी आ.व.२०७८/०७९ को कुल बजेट रु.५३ करोड ३१ लाख ५८ हजार मध्ये पूजीगततर्फ रु.२० करोड ८७लाख७४ हजार र चालु तर्फ रु.३२ करोड ४३ लाख ८४ हजार विनियोजन गरिनेछ । | | | |

**आदरणीय महानुभावहरु !**

अन्तमा, प्रस्तुतनीतितथाकार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागिसबैको सहयोग, सहकार्य र स्वामित्वअपरिहार्य छ । यसको सफलकार्यान्वयनको लागि सम्पूर्ण सरकारी निकायहरु,विभिन्न राजनीतीकदलहरु, निजीतथा सहकारी क्षेत्र लगायत सबैको सदभाव, सहभागिता र सहयोग हुने विश्वास व्यक्तगर्दै सम्मानितनगर सभावाट रचनात्मक सुझाव सहितनीतितथाकार्यक्रमपारित हुनेछ भन्ने हार्दिक अपेक्षाका साथबिदा लिन्छु ।

**धन्यावाद !**

देबेन्द्र कुमार यादव
नगर प्रमुख